फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरूसँग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्दछ ।


FREEDOM FORUM

● Democracy ● Media Freedom ● Human Rights ● Development

Thapathali, Kathmandu, Tel: 4102030, Eimail:freedomforum@enet.com.np


# पत्रकारका लागि

# निर्वाचन समाचार संकलन-सम्प्रेषण



पत्रकारका लागि

# निर्वाचन समाचार संकलन-सम्प्रेषण

# निर्देशिका

सम्पादन : तारानाथ दाहाल

अनुवाद : सन्तोष सिग्देल

फ्रिडम फोरम

थापाथली, काठमाडौं

# भूमिका

संविधानासभाको ऐतिहासिक निर्वाचनको यस क्षणमा पत्रकारहरूको अहम् भूमिका छ। कुनै पनि निर्वाचनको सफलता भनेको आम-मतदाताले आफूलाई मन परेको विचार र कार्यक्रम बोकेका राजनीतिक दल र उम्मेदवारलाई स्वतन्त्रपूर्वक विवेकले छाने अनुसार मत दिन पाउनुमा निर्धारित हुन्छ। अझ संविधानसभा नेपाल राष्ट्रको जीवनमा आएको त्यस्तो अवसर हो, जसले दीगो लोकतान्त्रिक शासन-प्रणाली र सबै नेपालीले गर्व गर्न सक्ने राज्य-संरचनाको निर्माण गर्नेछ।

यस्तो महत्वपूर्ण निर्वाचनलाई सार्थक तुल्याउन सञ्चारकर्मी र सञ्चारमाध्यमहरूले निकै नै सजगतापूर्ण र जिम्मेवार सञ्चार-अभ्यास गर्न आवश्यक छ। सञ्चारमाध्यमहरूमा गरिने रिर्पोटिङ्ग र प्रस्तुतीले जनता दिग्भ्रमित हुन नपाउन्। सही सूचना निश्पक्षतापूर्वक जनताको बीचमा पुग्यो भने मात्रै आम-जनताले सही विचार र आस्थाको छनौट गर्न सक्नेछन्। यसका लागि सहयोग पुग्न सकोस् भनेर फ्रिडम फोरमले पत्रकारहरूका लागि यो निर्देशिका तयार गरेको हो।

यो निर्देशिकामा तीन खण्ड छन्। पहिलो खण्ड– गणतन्त्र केन्यामा केही महिना अगाडि भएको आम-निर्वाचनका समयमा त्यहाँको 'संवाददाता संघ'ले तयार गरेको निर्देशिकाको अनुवाद हो। दोस्रो खण्डमा निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा रहेको सञ्चारमाध्यमहरूका लागि

लक्षित व्यवस्थालाई पुनः मुद्रण गरिएको छ । तेस्रो खण्डमा नेपालका सबै सञ्चारकर्मी र सञ्चारमाध्यमले अपनाउनै पर्ने व्यवसायिक आचारसंहिता (प्रेस काउन्सिलद्वारा जारी) लाई प्रस्तुत गरिएको छ । यसको उद्देश्य- निर्वाचनका सन्दर्भमा ख्याल राख्नुपर्ने धेरै विषयहरू हाम्रो नियमित व्यवसायीक जीवनमा पनि मान्नुपर्ने सिद्धान्तहरूभन्दा धेरै फरक छैन भनेर स्मरण गराउनु मात्रै हो ।

यो निर्देशिका समाचार संकलन, सम्पादन र सम्प्रेषणमा संलग्न सबै सञ्चारकर्मीहरूका लागि उपयोगी हुनसक्ने विश्वास फ्रिडम फोरमले लिएको छ । यस कार्यमा सहयोग पुऱ्याउनु हुने अमेरिकी सहयोग नियोग (यु.एस. एआईडी) नेपाल र अनुवाद, डिजाइन र टाइपिङ्गमा खट्नु हुने सहकर्मी मित्रहरू सबैलाई विशेष धन्यवाद छ । यसैगरी निर्देशिकाको पहिलो खण्ड अनुवादका लागि अनुमति दिने विश्वव्यापीरूपमा अभिव्यक्त तथा विचार स्वतन्त्रताको वकालतमा कार्यरत संस्था आर्टिकल १९ (Article 19) प्रति विशेष आभार प्रकट गर्दछौं ।

संविधानसभाको निर्वाचनमार्फत् मुलुकलाई दीगो लोकतान्त्रिक संविधान निर्माण गर्न हामी सबै नेपाली सफल होऔं, हार्दिक शुभकामना छ ।

**तारानाथ दाहाल**
अध्यक्ष
**फ्रिडम फोरम**
२०६४ चैत
www : nepalpressfreedom.org
www : freedomforum.org.np
**इमेल** : freedomforum@enet.com.np
**पोष्ट बक्स नं.** २४२९२
थापाथली, काठमाडौं, नेपाल



## विषय प्रवेश

पत्रकारहरू सूचना संकलन र सम्प्रेषणको माध्यमबाट देशका महत्वपूर्ण घटना र मुद्दाहरूमा आलोचनात्मक र रचनात्मक दुवै दृष्टिकोणले भूमिका खेलिरहेका हुन्छन् । देशका कुना-कन्दरासम्म पुगेर आम-जनताको तहबाट उनीहरूले जम्मा गरेका सूचनाले राष्ट्र र समाजको जीवनमा ठूल-ठूला प्रभाव पार्न सक्ने विचार निर्माण गर्दछ । स-साना समाचारले पनि समाजमा तीव्र र व्यापक वहस सिर्जना गर्दछ । सरकार, राजनीतिक नेतृत्व, समाजका प्रबुद्ध बुद्धिजीवी र आम-मानिससमेतले सूचनाको उपलब्धताविना आफ्नो धारणा निर्माण गर्न सक्दैनन्; त्यसैले पत्रकारहरूको कामको महत्व देख्दा सामान्य लाग्दछ तर त्यसको प्रभाव सामान्यतया अनुमान गरेभन्दा निकै नै व्यापक हुन्छ ।

यतिबेला नेपालमा संविधानसभाको निर्वाचन हुँदैछ । संविधानसभा, लोकतन्त्र निर्माणको प्रारम्भिक विन्दू हो । जनताबाट चुनिएका प्रतिनिधिहरूको सहभागितामा नेपाल राज्यको राजनीतिक-व्यवस्था र राज्य-प्रणालीका यावत् स्वरूपहरू तय हुँदैछन् । कुनै पनि समाज र राष्ट्रको जीवनमा यो अत्यन्त महत्वको ऐतिहासिक अवसर हो । यो अवसरलाई सफल पार्न आम-जनताको भावनाको सही प्रतिनिधित्व हुनसक्ने संविधानसभाको चयन हुनु आवश्यक छ । त्यसका लागि हुन गइरहेको निर्वाचनमा जनताले सही निर्णय दिनुपर्दछ । जनताको निर्णय मतदानमा अभिव्यक्त हुन्छ ।

जनतालाई त्यो निर्णायक विन्दूमा पुऱ्याउनु अगाडि उनीहरूले स्वतन्त्ररूपमा आफ्नो विचार र आस्था निर्माण गर्न पाउनुपर्दछ । यसक्रममा उनीहरूले प्राप्त गर्ने सूचना र विचारको प्रमुख श्रोत सञ्चारमाध्यमहरू नै हुन् । समाचारका माध्यमहरू पत्रपत्रिका, रेडियो, टेलिभिजनहरूमा र समाचार जम्मा गर्ने प्रमुख स्रोत पत्रकारहरू हुन् । फिल्डबाट उनीहरूले पठाएका सूचना र समाचारहरू सम्पादन गरी आम-श्रोता, दर्शक र पाठकबीच पुऱ्याउने काम सम्पादक र माध्यमहरूको हो । अनुसन्धानहरूबाट प्रमाणित तथ्य के हो भने पत्रपत्रिका होस् या विद्युतीय सञ्चारमाध्यम तीनले प्रवाह गर्ने समाचारमध्ये सत्तरी प्रतिशत समाचार-सामाग्री स्थानीय तहमा खटिएका पत्रकारहरूले नै पठाएका हुन्छन् ।

पत्रकारहरू अत्यन्त कठिनाई र चुनौतीका बीच क्रियाशील भइरहेका हुन्छन् । एकातर्फ उनीहरूलाई सञ्चारमाध्यमहरूले फिल्डको सबैभन्दा चुनौतीपूर्ण काममा खटाएको हुन्छ अर्कोतर्फ सबैभन्दा बढी उपेक्षित र शोषित उनीहरू नै हुन्छन् । नेपालको सन्दर्भमा विशेषगरी स्ट्रीङ्गरहरूको कामको अवस्था चुनौतीपूर्ण तर आर्थिक अवस्था भने सबैभन्दा दयनीय छ । पर्याप्त ज्ञान र सीपको अभावमा खटिने यस्ता समाचारदाता तथा पत्रकारहरू पारिश्रमिक, स्वास्थ्य सुरक्षा, वीमा, यातायात, सञ्चारका साधन र सुविधा तथा सुरक्षाको खतरा सबै विषयमा पीडित छन् । अझ लामो सशस्त्र द्वन्द्वको प्रभाव कायम रहेको र केही क्षेत्रहरूमा सशस्त्र द्वन्द्व चालू नै रहेको हाम्रो मुलुकमा पत्रकारहरूको सुरक्षाको अवस्था झन् कमजोर छ । यस्तो वातावरणमा संविधानसभाको निर्वाचनसम्बन्धी समाचार संकलन र सम्प्रेषणको कामलाई निश्पक्ष, स्वतन्त्र र व्यवसायिक मर्यादाभित्र रहेर सम्पादन गर्न कठिन छ । तर नगरी पनि हुँदैन ।

सञ्चारमाध्यमहरूले जिम्मेवार, सजग र संयमित भूमिका खेलेनन् भने निर्वाचनको स्वच्छतामाथि चुनौती थपिनेमात्र होइन संविधानसभामा



जनताको सहभागितामा समेत विभिन्नखाले असर पर्न जान्छ । जनता दिग्भ्रमित हुनसक्छन् । त्यसैले जतिसुकै कठिन भए पनि यतिबेला सञ्चारकर्मीहरू र सञ्चारमाध्यमहरूले सजग, स्व-नियन्त्रणमुखी र जिम्मेवार उच्च व्यवसायिक अभ्यास गर्न आवश्यक छ ।

सञ्चारका माध्यमहरू दलीय होडबाजीमा मुछिए, कुनै दल र उम्मेदवारको खेदो खन्न उद्धत भए, गलत वा तोडमोड गरिएका सूचना प्रवाहको हतियार बने भने निःसन्देह संविधानसभाको निर्वाचनलाई स्वच्छरूपमा सञ्चालन गर्न कठिनाई हुनेछ । वास्तवमा सञ्चार क्षेत्रको व्यवस्थापन कुनै पनि निर्वाचनको समयमा निर्वाचन सम्पादन गर्ने निकायका लागि चुनौतीको विषय हुने गर्दछ । खासगरी सरकारको नियन्त्रणमा रहेका सञ्चारमाध्यमहरूको निश्पक्षताको विवाद एकातर्फ छ भने अर्कोतर्फ निजी क्षेत्रका सञ्चारमाध्यमहरूको अनुगमन र त्यसका प्रभावहरूको मूल्याङ्कन झन चुनौतीपूर्ण छ । निर्वाचन आयोग वा प्रेस काउन्सिलले आचारसंहिता जारी गर्दैमा वा तीनको अनुगमन गरेर मात्र पनि प्रेसबाट हुने नकारात्मक असर घटाउन सकिँदैन । यसका लागि स्वतन्त्र र जिम्मेवार पत्रकारिताको अभ्यास गरेको दावी गर्ने प्रत्येक सञ्चारकर्मी तथा सञ्चारमाध्यम स्वयंले अवलम्वन गर्ने आत्म-अनुशासन अथवा स्व-नियन्त्रणको शैली सबैभन्दा प्रभावशाली हुन्छ । त्यसको लागि व्यवसायीक आचारका नियमहरू सहयोगी हुने गर्दछन् । यस पुस्तिकामा समेटिएका संहिताहरू प्रत्येक सञ्चारकर्मीका लागि निकै उपयोगी स्व-नियम हुनसक्ने विश्वास राखिएको छ ।

◆◆◆

## खण्ड १

# पत्रकारहरूका लागि निर्वाचन समाचार संकलन निर्देशिका[1]

## १. सत्यता, निश्पक्षता र स्वच्छता :

१.१ उम्मेदवारहरूलाई समाचारमा समेट्दा निश्पक्षता सुनिश्चित गर्नु पत्रकारको उत्तरदायित्व हो ।

१.२ पत्रकारले आफूले तयार गर्ने निर्वाचनसम्बन्धी समाचारहरू तथ्यपूर्ण र यथार्थ भएको सुनिश्चित गर्नैपर्छ र स्वच्छ, सन्तुलित र निष्पक्षरूपमा समाचार समेट्ने प्रयास गर्नुपर्दछ ।

[1] **गणतन्त्र केन्याको संवाददाताहरूको संगठन 'केन्या करेस्पोन्डेन्ट एशोसिएसन'ले सन् २००७ को सेप्टेम्बरमा आर्टिकल १९ को सहयोगमा देशव्यापी छलफल गरी तर्जुमा गरेको निर्वाचन संकलन निर्देशिकाको भावानुवाद प्रस्तुत गरिएको हो ।**



१.३. पत्रकारले सबै दल तथा समाचारको विषयबस्तुसँग सम्बन्धित सबै पक्षहरूलाई आफ्नो कुरा राख्ने उचित 'मौका' प्रदान गर्नुपर्दछ ।

१.४ पत्रकारले समाचारमा नकारात्मक प्रसंगमा उल्लेख भएका व्यक्तिहरूको भनाई समेट्ने प्रयास गर्नुपर्दछ र सम्बन्धित दावीहरूलाई उपलब्ध प्रमाणहरूसँग दाँज्नुपर्दछ ।

१.५ समाचारमा उल्लेखित सबै कुराहरू यथार्थ र वास्तविकरूपमा व्याख्या भएको हुनुपर्दछ ।

१.६ उम्मेदवारको भनाई जसरी प्रस्तुत भएको थियो, त्यसरी नै र जे भन्न खोजिएको थियो त्यहि अर्थ आउने गरी समेटिनु पर्दछ । साथै गलत अर्थ नलागोस भन्नका लागि कुन परिप्रेक्षमा भनिएको हो भन्ने पनि उल्लेख गर्नुपर्छ ।

१.७ एउटा राम्रो पत्रकारले निश्पक्षता कायम गर्नका लागि त्यस्तो समाचार तयार गर्नुपर्छ जुन सन्तुलित होस् र दुवै पक्षको भनाईलाई समेटेको होस् ।

१.८ यदि कुनै एक राजनीतिक दलको उम्मेदवारले चुनाव प्रचार-प्रसारका क्रममा कुनै आरोप लगाएको वा कुनै आश्वासन दिएको छ भने पत्रकारले सन्तुलित समाचार तयार गर्नका लागि त्यस्तो आरोप लागेका अन्य उम्मेदवारको प्रतिक्रिया खोज्ने र समाचारमा उनीहरूको विचारलाई समेत समेट्ने प्रयास गर्नुपर्दछ ।

१.९ एकभन्दा बढी विचार, आवाज वा भिन्न दृष्टिकोणहरू समेट्ने प्रयासले समाचारलाई एकपक्षीय वा पूर्वाग्रही देखिनबाट जोगाउँदछ ।

१.१० त्यस्तो सन्तुलित समाचार सही पनि हुनैपर्दछ । यस्तो हुँदा

समाचारले कुनै एक उम्मेदवारको तुलनामा अन्य उम्मेदवारलाई बढी प्राथमिकता वा स्थान दिएको देखिन भने सक्छ, किनकि कुनै समयमा वा कुनै घटनामा कुनै उम्मेदवारको भनाई वा व्यवहारको महत्व ज्यादा हुनसक्ने हुन्छ ।

१.११ समाचारमा निश्पक्षता सुनिश्चित गर्नका लागि पत्रकारले आफुलाई त्यसरी प्रस्तुत गर्नुपर्दछ, जहाँ निजले कुनै सम्झौता गरेको वा कुनै उम्मेदवारलाई पक्षपात गरेको नदेखियोस् ।

१.१२ पत्रकारले समाचारमा सबै उम्मेदवारहरूलाई सन्तुलितरूपमा समेट्ने काम सुनिश्चित गर्नका लागि उपलब्ध सूचनाहरू जाँच गर्ने र सम्प्रेषण गर्दा आफ्नो व्यवसायिक निर्णयक्षमताको प्रयोग गर्नुपर्दछ ।

१.१३ समाचार सत्य तथा स्पष्ट छ कि छैन भन्ने सुनिश्चित गर्नका लागि समाचार पठाउनुभन्दा अगाडि सबै सूचनाहरूलाई दोहोऱ्याएर हेर्न आवश्यक हुन्छ ।

१.१४ प्रकाशन तथा प्रसारणका लागि पठाइएका समाचार कुनै व्यक्ति, दल, जातजाति वा सम्प्रदायतिर ढल्किएको नभई कुनै विषय वा मुद्दालाई प्रमुखता दिएको छ भनी पत्रकारले सुनिश्चित गर्नुपर्दछ ।

१.१५ पत्रकारले कुनै उम्मेदवारको फाइदाको लागि समाचारलाई बंग्याउने हतकण्डाहरूको प्रयोगबाट आफूलाई टाढा राख्नुपर्दछ । त्यस्ता हत्कण्डाहरूअर्न्तगत राजनीति-उत्प्रेरित लेखनी, गलत किसिमको क्यामरा एङ्गल वा कुनै व्यक्ति वा विचारधारालाई गलतरूपमा प्रस्तुत गर्न अपनाइने अन्य गैर-व्यवसायिक कार्यहरू पदर्छन् ।

१.१६ पत्रकार सम्मेलन तथा राजनीतिक उद्देश्यले व्यक्त भएका



भनाईहरू सम्प्रेषण भएपछि त्यस्ता सम्मेलन वा भनाईमा उल्लेख भएका वा नकारात्मकरूपमा चित्रण गरिएका राजनीतिक दल वा व्यक्तिहरूबाट आएका जवाफ वा टिप्पणीलाई पनि पत्रकारले समेट्नुपर्दछ ।

१.१७ दुस्प्रचार/मानहानी गरिएको वा कानूनी घाटा सहनुपरेको कुनै उम्मेदवार वा राजनीतिक दललाई, त्यस्तो घाटाको मात्राअनुसार, सो समाचार सुधार्न लगाउने वा जवाफ दिन लगाउने अधिकार रहेको हुन्छ ।◆

## २. समाचार श्रोत :

२.१ श्रोतको परिचय उल्लेख नगरेकै अवस्थामा समाचारको सत्यतामा ज्यादा जोड पुग्ने अवस्थामा बाहेक अन्य अवस्थामा बेनामी श्रोतको प्रयोग गर्नुहुँदैन । तर श्रोतका बारेमा सम्बाददातालाई जानकारी हुनुपर्दछ र निजले श्रोतको परिचय सम्पादकलाई खुलाएको हुनुपर्छ ।

२.२. पत्रकारले समाचारमा अन्य श्रोतबाट लिएका सामाग्रीहरूको प्रयोग गरेका अवस्थामा त्यस्ता श्रोतका बारेमा समाचारमा उल्लेख गर्नुपर्दछ ।

२.३ कसैलाई विश्वासमा लिएर प्राप्त गरेका समाचार श्रोतको व्यवसायिक गोप्यता कायम राख्ने कुरामा ध्यान पुऱ्याउनुपर्दछ ।

२.४ साथै पत्रकारले समाचार प्राप्त गर्नका लागि इमान्दार उपायहरूको प्रयोग पनि गर्नुपर्दछ। यसको अर्थ उनीहरूको कार्य अन्तर्राष्ट्रियरूपमा स्वीकारिएको व्यवसायिक तथा नैतिक मापदण्डअनुरूप हुनुपर्दछ।

२.५ पत्रकारले श्रोतको झूटो हवाला दिँदै आफ्नो व्यक्तिगत विचार प्रवाह गर्ने कार्यबाट आफूलाई टाढा राख्नुपर्दछ।◆

## ३. भेदभाव :

३.१ पत्रकारले जातजाति, लिङ्ग, भाषा, धर्म तथा राजनीतिक वा अन्य विचारधारा तथा राष्ट्रिय एवम् सामाजिक उत्पत्तिका आधारमा भेदभाव वा हिंसा बढाउन सक्नेखालका भाषा वा विचार प्रयोग गर्नुहुदैन।

३.२ समाचार विषयवस्तु र समाचार श्रोतका रूपमा महिला र पुरुष उम्मेदवार दुवैलाई समान व्यवहार गर्नुपर्दछ।

३.३ पत्रकारले पिछडिएका र सिमान्तीकृत वर्ग तथा राजनीतिक नेतृत्वमा भाग लिन खोजेका समूहहरूविरुद्ध भेदभाव गर्नुहुँदैन।◆



## ४. चुनावी हिंसा :

४.१ पत्रकारले हिंसा प्रोत्साहन गर्ने वा सामाजिक सद्भावमा नकारात्मक असर पार्ने द्वेषपूर्ण भाषण तथा अभिव्यक्तिहरूलाई स्थान दिने कार्यबाट टाढै रहनुपर्दछ।

४.२ पत्रकारले राजनीतिक हिंसासम्बन्धी कार्यहरू कुनै पुरुषार्थको कार्य भएझैँ गरी समाचार पस्कने कार्य गर्नुहुँदैन।

४.३ तथ्यहरूको आवश्यक छानविनपश्चात् मात्र निर्वाचन हिंसासम्बन्धी समाचार, विचार तथा टिप्पणी तयार गर्नुपर्छ र राष्ट्रिय सद्भाव, भातृत्व र शान्तिपूर्ण वातावरण निर्माणमा सहयोग पुऱ्याउनका लागि त्यस्ता समाचारलाई आवश्यक स्व-नियन्त्रण तथा सावधानीपूर्वक प्रस्तुत गर्नुपर्दछ।

४.४ निर्वाचनका क्रममा हुने हिंसा तथा गैरकानुनी क्रियाकलापहरूविरुद्ध अनुगमनकर्ताका रूपमा भरपर्दा पत्रकारहरू आवश्यक हुन्छन्।

४.५ दलहरूले मतदाता वा निर्वाचन अधिकृत र कर्मचारीहरूलाई धाक-धम्की प्रयोग गरेका छन् कि भनी अनुगमन गर्नुपर्दछ, अधिकारीहरूलाई त्यस्तो कुरा जाहेर गर्नुपर्दछ र त्यसका बारेमा समाचार प्रकाशन गर्नुपर्दछ।

४.६ पत्रकारले सञ्चारकर्मी वा सञ्चार संगठनको सम्पत्ती, कार्यालयविरुद्ध लक्षित सबै किसिमका आक्रमण, धरपकड वा दुर्व्यवहारबारे सरकारी अधिकारीहरूलाई जानकारी गराउनुपर्दछ।

४.७ सञ्चार संगठन वा सञ्चारकर्मीमाथि आक्रमण भएका अवस्थामा पत्रकारहरूले सो घटनाप्रति केन्द्रित हुँदै, विशेषरूपमा राष्ट्रिय,

अन्तर्राष्ट्रिय सञ्चार संघ-संस्थाहरूसँग सहकार्य गर्दै उपर्युक्त कदम चाल्नुपर्दछ ।◆

## ५. फोटो, ग्राफिक्स तथा कार्टुन :

५.१ उम्मेदवार, राजनीतिक दल वा राजनीतिक दलले उठाएका मुद्दासम्बन्धी फोटो, ग्राफिक्स तथा कार्टुनहरू प्रकाशन गर्दा माथि उल्लेख गरिएका सत्यता, निष्पक्षता र स्वच्छताका सिद्धान्तहरू अवलम्बन गरिएको हुनुपर्छ ।◆

## ६. सञ्चार क्षेत्रको उत्तरदायित्व :

६.१ निर्वाचनका क्रममा हुने भष्ट्राचार तथा गैर-कानूनी क्रियाकलापबारे विश्वसनीय तथा भरपर्दा अनुगमनकर्ताका रूपमा आम-जनतालाई सुसूचित गर्नु पत्रकारको कर्तव्य हो ।

६.२ नियम-कानुनको उल्लङ्घन तथा सम्भावित उल्लङ्घनका बारेमा समाचार प्रकाशन गर्नुका साथै मतदाताहरूलाई राजनीतिक दल तथा उम्मेदवार, उनीहरूको नीति तथा चुनावी मुद्दाहरूका बारेमा सुसूचित गर्नु पत्रकारहरूको कर्तव्य हो ।



६.३ पत्रकारले निर्वाचनसम्बन्धी नियम-कानुनहरू, निर्वाचन आयोगको काम-कारवाही र मतदान प्रक्रियाबारेमा आफूले पूर्ण जानकारी प्राप्त गर्ने प्रयास गर्नुपर्दछ ।◆

६.४ ***सञ्चार क्षेत्रको जिम्मेवारी प्रभावकारीरूपमा निर्वाह गर्नका लागि पत्रकारले निम्नलिखित विषयका बारेमा जानकार हुनुपर्दछ र सो बारेमा समाचार तयार गर्नुपर्दछ ।***

### ६.४.१ मतदाताको अधिकार :

- के मताधिकारप्राप्त सबै मतदाताहरूको नाम मतदाता सूचीमा छ, वा मतदाता सूचीमा नाम भएका व्यक्तिहरूलाई मताधिकार छ ?
- के सबै मतदाताहरू डर, धाक धम्कीविना दल तथा तिनका चुनावी मुद्दाका बारेमा कुराकानी गर्न वा उनीहरूको कुरा सुन्न स्वतन्त्र छन् ?
- के दलहरूले मतदाता वा निर्वाचन अधिकारीहरूलाई धम्क्याएका छन्, वा यसलाई मत हाल्नु भनी भनेका छन् ?
- के दल वा अधिकारीहरूले पैसा, उपहार दिएर वा जागिर मिलाइदिउँला भन्दै मतदातालाई घुस खुवाउने प्रयास गरेका छन् ?

- ❖ के मतदाताहरूले आफ्नो भूमिका, मतदानको महत्वबारे बुझेका छन् ? र, के उनीहरूलाई आफ्नो छनौट, विकल्पहरूबारे ज्ञान छ ?
- ❖ के महिला तथा अल्पसंख्यकहरूले मतदानमा सुरक्षित महसूस गरेका छन् ?

## ६.४.२ दल तथा उम्मेदवारका अधिकार :

- ❖ के सबै योग्य दल तथा उम्मेदवारलाई निर्वाचनमा भाग लिन दिइएको छ ?
- ❖ के अल्पसंख्यक, भौगोलिक क्षेत्र वा भिन्न राजनीतिक विचारधारा बोकेका उम्मेदवारहरूलाई निर्वाचनमा भाग लिन दिइएको छ ?
- ❖ के सबै दलहरूले डर, धाक, धम्कीविना सार्वजनिक सभाहरू आयोजना गर्न पाएका छन् ?
- ❖ के निर्वाचनसम्बन्धी नियम-कानुन, आचारसंहिता तथा सीमाहरू सबै दलहरूलाई समानरूपमा लागू भएका छन् ?
- ❖ के प्रहरी प्रशासनले सबै दलहरूलाई उनीहरूको निर्वाचन अभियानमा, सूचना तथा जानकारीहरू प्रदान गर्ने क्रममा वा सार्वजनिक सभाहरू आयोजनाका क्रममा समानरूपले संरक्षण प्रदान गरेको छ ?
- ❖ के राजनीतिक दलहरूले आफूले खर्च गरिरहेको पैसा कहाँबाट



आएको हो भन्ने जानकारी दिन चाहेका छन् ?

- ❖ के सरकारी अधिकारीहरू तटस्थ छन् र कुनै एक दलको पक्षमा सरकारी पैसा, गाडी आदिको प्रयोग गरेका छैनन् ?
- ❖ के सरकारमा रहेको राजनीतिक दलले चुनावी अभियान शुरु हुन लागेका समयमा नयाँ आयोजनाहरूको घोषणा गरेका छन् ?

## ६.४.३ निर्वाचन प्रक्रिया :

- ❖ के मतदाता सूची पूर्ण छ ?
- ❖ के मतदाता सूचीमा नपरेका मतदाता उपयुक्त परिचयपत्र देखाएर सो सूचीमा छिर्न सक्छन् ?
- ❖ के निरक्षर मतदाताहरूले मतपत्र सजिलै बुझ्नसकेका छन् ?
- ❖ के मतदाताहरूले मतदान निर्देशनहरू सजिलै बुझेका छन् ?
- ❖ के मतदान केन्द्रमा पर्याप्त मतपत्र, मतपेटिका एवम् मतदान सुपरिवेक्षण र मतगणनाका लागि पर्याप्त अधिकारीहरू छन् ?
- ❖ के मतदानमा जान लागेका व्यक्तिहरूका लागि भरपर्दो सुरक्षा व्यवस्था छ ?
- ❖ कसैले पनि फर्जी मतपत्र खसाल्न नसकोस् भनी मतपेटिकाको सुरक्षाका लागि कुनै प्रबन्ध गरिएको छ ?
- ❖ के निर्वाचन आयोग निष्पक्ष, स्वतन्त्र र ईमान्दार देखिएको छ ?

- ❖ के निर्वाचन अनुगमनमा अन्तर्राष्ट्रिय तथा स्वतन्त्र अनुगमनकर्ताहरूको उपस्थिति छ ?
- ❖ के निर्वाचन आयोगले मिडिया, मतदाता तथा राजनीतिक दलहरूले निर्वाचन कानूनको उल्लङ्घन भयो भनी गरेका सबै उजुरीहरूमा तत्काल प्रतिक्रिया जनाएको छ ?
- ❖ के निर्वाचन आयोगले निर्वाचन कानुनको उल्लङ्घनमा अनुसन्धान गरेको र त्यस्तो उल्लङ्घनलाई रोकेको छ ? के उल्लङ्घनकर्ताहरूलाई कुनै पनि प्रकारको दण्ड गरिएको छ ?
- ❖ के मिडिया, गैर-सरकारी संगठन र अन्तर्राष्ट्रिय अनुगमनकर्ताहरू कुनै डर, धाक, धम्की विना निर्वाचन प्रक्रिया अनुगमन गर्न र सोसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न सक्षम छन् ?
- ❖ के सरकारी सञ्चार माध्यमले दल तथा उम्मेदवारहरूको बारेमा भरपर्दो समाचार प्रवाह गरिरहेका छन् ? के त्यस्ता समाचार सन्तुलित, यथार्थ, निश्पक्ष, जिम्मेवार र स्वच्छ छन् ?
- ❖ के निजी क्षेत्रका पत्रपत्रिका, रेडियो तथा टेलिभिजनले भरपर्दो र निश्पक्ष समाचार प्रवाह गरेका छन् ?
- ❖ के निजी क्षेत्रका मिडियाले सबै दलहरूलाई समान व्यवहार गरिरहेको छ ?
- ❖ के निजी क्षेत्रका मिडियाले कुनै दल वा उम्मेदवारको एकपक्षीय वकालत गरिरहेको छ ?



## ७. जिम्मेवार पत्रकारिता

**निम्नलिखित तत्व उपस्थित हुन्छन् भने त्यो जिम्मेवार पत्रकारीता होइन, र पत्रकारहरूले यी तत्वहरूबाट टाढै रहनुपर्दछ ।**

७.१ **मानहानियुक्त** : पत्रकारले त्रुटिपूर्ण अभियोग, गाली, तिरस्कार दोहोर्‍याउने वा कुनै व्यक्तिको बारेमा सत्य, तथ्य बंग्याउने कार्य गर्नुहुँदैन ।

७.२ **नक्कल** : पत्रकारले अन्य कुनै स्थानमा उल्लेखित कुरालाई तथ्यहरूको परिक्षण नगरी नक्कल मात्र गर्ने काम गर्नुहुँदैन । यसो गर्दा गलत सूचना दोहोरिने मात्र हुन्छ ।

७.३ **द्वेषपूर्ण** : पत्रकार शक्तिशाली हुन्छन्, र उनीहरू राजनीतिज्ञहरूको प्रतिष्ठा खतम पार्न, दलका कार्यकर्तालाई खतरापूर्ण स्थितीमा पार्न वा सार्वजनिक विरोधको शुरुवात गराउनसमेत सक्षम हुन्छन् । तर, राम्रा पत्रकार र सम्बाददाताले समाचारलाई बंग्याउँदै वा व्यक्तिगत हतियारका रूपमा कसैलाई हानि पुर्‍याउन प्रयोग गर्दै आफ्नो शक्तिको दुरूपयोग गर्नुहुँदैन ।

७.४ **भ्रष्ट** : राम्रा पत्रकारले घुस खाँदैनन् । राम्रा पत्रकारले कुनै नेता वा दलबाट विशेष कृपा खोज्दैनन् । राम्रा पत्रकार पूर्वाग्रही विचार बोकेर कुनै नेता वा दलको मात्र प्रचारयन्त्र बन्दैनन् । राम्रा पत्रकार बिक्रीका लागि होइनन् ।

◆◆◆

## खण्ड २

# निर्वाचन आयोगद्वारा जारी संविधानसभा निर्वाचन आचारसहिंता २०६४ अन्तर्गत आम–सञ्चारमाध्यमले पालना गर्नुपर्ने आचरण

(परिच्छेद– ४ बाट साभार)

**सरकारी, अर्धसरकारी तथा निजीक्षेत्रका आमसञ्चार (श्रव्य, दृश्य तथा मुद्रण) का माध्यमहरूले देहायका आधारभूत सिद्धान्तका अधीनमा रही देहाय बमोजिम निर्वाचन प्रचारप्रसारम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ :**

## आधारभूत सिद्धान्त :

६१. स्वतन्त्ररूपले अभिमत व्यक्त गर्ने मतदाताको अधिकारको संरक्षण गर्ने सन्दर्भमा सत्यतथ्य र पूर्वाग्रहरहित सूचना सम्प्रेषणमा जोड दिनुपर्नेछ ।

६२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार सम्प्रेषणलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।



## सत्य, निश्पक्ष र सन्तुलित समाचार सम्प्रेषण :

६३. निर्वाचनसम्बन्धी आवश्यक सूचना तथा समाचारहरू सम्प्रेषण गर्दा पूर्वाग्रहरहित र वस्तुनिष्ठ ढङ्गले गर्नुपर्नेछ ।

६४. निर्वाचनसँग सम्बनिधत आवश्यक सूचना तथा समाचारहरू सम्प्रेषण गर्नबाट रोक्न, दबाउन वा लुकाउन हुँदैन ।

६५. सर्वसाधारणलाई भ्रममा पार्ने गरी निर्वाचनसम्बन्धी सूचना प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

६६. सर्वसाधारणको चासोसँग सम्बन्धित सबै विषयहरू सम्भव भएसम्म सूचना तथा समाचारमा समावेश गर्नुपर्नेछ । यस्ता सूचना संकलन र सम्प्रेषणमा कसैले बाधा अवरोध पुऱ्याएमा सो कुरासमेत सम्प्रेषण गर्नुपर्नेछ ।

६७. राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्धित समाचारलाई पूर्वाग्रह नराखी सम्प्रेषण गर्नुपर्नेछ । त्यस्ता समाचार सम्प्रेषण गर्दा कुनै राजनीतिक दलका नेता वा उम्मेदवार वा सत्तारुढ दललाई विशेष प्राथमिकता दिनु हुँदैन ।

## सञ्चारमाध्यमको व्यवहार :

६८. निर्वाचन प्रचारप्रसारको क्रममा कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवं मान्यताविपरित हुने कुनै काम-कारवाही गर्नु हुँदैन ।

६९. कुनै पनि किसिमले भेदभाव दर्शाउने वा हिंसा उक्साउने खालका भाषाको प्रयोग वा दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य कुनै पनि किसिमको सद्भावमा प्रतिकूल असर पुग्ने गरी प्रचार-प्रसार गर्न पाइने छैन ।

७०. निर्वाचनमा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, मधेसीलगायतका सीमान्तकृत समूहहरूको सहभागितालाई हौसला दिन अनुकूल भूमिका निर्वाह गर्नुपर्नेछ ।

## सच्याउने दायित्व :

७१. निर्वाचन प्रचार-प्रसारको क्रममा कुनै गलत वा भ्रम सिर्जना गर्ने किमिसका समाचार प्रकाशन वा प्रसारण हुन गएमा त्यसलाई उच्च प्राथमिकता दिई सम्बद्ध सञ्चारमाध्यम तथा सञ्चारकर्मीले तुरुन्त सच्याउनु पर्नेछ ।

## निःशुल्क प्रसारण सुविधा :

७२. समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा भाग लिने राजनीतिक दललाई सो दलले खडा गरेको कूल उम्मेदवारको अनुपातमा दफा ७३ मा उल्लेख भएबमोजिमको निःशुल्क समय प्रचार-प्रसारको लागि प्रसारण सेवामा प्रदान गरिनेछ ।

७३. दफा ७२ मा उल्लेख भएबमोजिम निःशुल्क समय उपलब्ध गराउँदा कूल तीन चरण गरी रेडियो र टेलिभिजन प्रसारण सेवामा सो दलले खडा गरेको उम्मेदवारको अनुपातमा समय दिइनेछ । यसरी



समय दिँदा उम्मेदवारीको अनुपातमा पहिलोचरणमा सो राजनीतिक दलको घोषणपत्रको सार्वजनिकीकरणको लागि ५-२० मिनेटसम्म रेडियो प्रसारण सेवामा, दोस्रोचरणमा निर्वाचन प्रचार-प्रसारको लागि २-५ मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा र तेस्रोचरणमा प्रत्येक राजनीतिक दललाई अभिमत प्राप्तिको अन्तिम आव्हानका लागि दफा ७४ मा लेखिएबमोजिमको मौन अवधि सुरु हुनुअघि १/१ मिनेट टेलिभिजन प्रसारण सेवामा दिइनेछ । यसरी राजनीतिक दललाई निर्वाचन प्रचार-प्रसारको लागि समय दिईंदा उल्लेख गरिएबमोजिमको चरणमा प्रचार-प्रसार गरिने सामाग्री सो दलले तयार गरी सम्बन्धित प्रसारण सेवालाई दिनुपर्नेछ ।

## मौन अवधि :

७४. कुनै पनि सञ्चारमाध्यमले कुनै पनि किसिमको निर्वाचनसम्बन्धी प्रचार-प्रसार, राजनीतिक सन्देश वा निर्वाचन अभियानको प्रसारण मतदानको दिनको अघिल्लो ४८ घण्टादेखि गर्न पाउने छैन र यस्तो मौन अवधि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुञ्जेलसम्मका लागि लागू हुनेछ ।

तर निर्वाचन आयोगले प्रवाह गरेको सूचना सम्प्रेषण गर्न बाधा पुगेको मानिने छैन ।

## सरकारी सञ्चारमाध्यम :

७५. सरकारी प्रकाशनहरू वा प्रसारकहरूले कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्ने वा प्रसारण

गर्ने छैनन् ।

७६. मतदाता माझ आफ्ना विचार नीति तथा कार्यक्रम अभिव्यक्त गर्न स्पष्ट तथा मनासिव आधारमा सरकारी सञ्चारमाध्यमहरूले राजनीतिक दलहरू वा उम्मेदवारहरूलाई अवसर दिनुपर्नेछ ।

७७. सरकारी सञ्चारमाध्यमले मतदाता शिक्षासम्बन्धी सामाग्री प्रकाशन तथा प्रसारण गर्न प्राथमिकता दिनुपर्नेछ ।

### अभिलेख ः

७८. संविधानसभा सदस्य निर्वाचनसम्बन्धी प्रकाशित वा प्रसारित कुनै पनि सूचना सञ्चारमाध्यम वा तिनका प्रतिनिधिले प्रकाशन वा प्रसारण भएको मितिले ३५ दिनसम्म सुरक्षित राख्नुपर्नेछ ।

### अनुगमन ः

७९. निर्वाचन आयोगले विभिन्न सञ्चारमाध्यमहरूद्वारा निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा प्रकाशन तथा प्रसारण भएका सूचनाहरूको नियमित अनुगमन गर्नेछ । यसरी अनुगमनको क्रममा देखापरेका आचारसंहिता उल्लङ्घनका कुराहरू सच्याउन निर्वाचन आयोगले सम्बन्धित सञ्चारमाध्यमलाई निर्देशन दिन सक्नेछ । निर्वाचन आयोगले दिएको निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धित सञ्चारमाध्यमको हुनेछ ।

◆◆◆



## खण्ड ३

# प्रेस काउन्सील नेपालद्वारा जारी पत्रकार आचारसंहिता–२०६०
# (संशोधित तथा परिमार्जित–२०६४)

### प्रस्तावना ः

स्वस्थ पत्रकारिताको विकासका निम्ति सञ्चारमाध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्बर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवं नेपालको अन्तरिम संविधान २०६३ द्वारा प्रत्याभूत स्वतन्त्रता र हकअधिकारको जगेर्ना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी पत्रकारिता (प्रेस) का सबै माध्यमहरू समेतलाई समेटेर मौजुदा आचारसंहितामा परिमार्जन गर्न वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघ समेतको सहमतिमा प्रेस काउन्सिल नेपाल ऐनको दफा (७) को (ख) बमोजिम पत्रकार आचारसंहिता २०६० लाई सामयिक संशोधन तथा परिमार्जन गरी जारी गरिएको छ ।

## १. नाम, प्रारम्भ र विस्तार :

(१) यस आचारसंहिताको नाम 'पत्रकार आचारसंहिता-२०६०' रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त लागू हुनेछ ।

(३) यो आचारसंहिता नेपालमा सञ्चालित सञ्चारमाध्यम तथा नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारहरूलाई लागू हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा –

(क) 'पत्रकार' भन्नाले छापा, विद्युतीय तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका सञ्चारमाध्यम वा समचारमूलक कार्यक्रम उत्पादन, वितरण गर्ने एजेन्सी वा संस्थामा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषणजस्ता कार्यसँग आवद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, स्वतन्त्र पत्रकार, फोटो पत्रकार, प्रेस-क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा सञ्चालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादकजस्ता पत्रकारितामूलक कार्यसँग सम्बन्धित सञ्चारकर्मीहरूलाई जनाउँछ ।

(ख) 'सञ्चारमाध्यम' भन्नाले नेपालमा सञ्चालित पत्रकारिता, रेडियो एवं टेलिभिजन प्रसारणहरू, समाचार एजेन्सी तथा इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवं समाचारमूलक कार्यक्रम उत्पादन-वितरण गर्ने संस्था र सेवाहरू समेतलाई जनाउँछ ।



(ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ ।

## ३. पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य

### (१) प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन :

विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्दछ ।

### (२) मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान :

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपदर्छ ।

### (३) सूचनाको हकको रक्षा र प्रचलन :

आम-नागरिकको सुसूचित हुन पाउने हक-अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ ।

### (४) सत्य तथ्य सूचनाको सम्प्रेषण :

पत्रकार- सञ्चारमाध्यमले श्रोत र आधार उल्लेख गरी सत्य–तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ ।

**(५) सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व :**

सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम सञ्चारमाध्यमबाट उत्पादित-प्रकाशित-प्रसारित सामाग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ । सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूत गर्नुपर्दछ ।

**(६) गोपनीयताको हकको सम्मान :**

सार्वजनिक हितमा प्रतिकूल असर पार्नेबाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ ।

**(७) उच्च व्यावसायिक अभ्यास :**

पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ ।

**(८) शिष्ट व्यवहार :**

व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ ।

**(९) गल्ती सच्याउने तत्परता :**

प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।



**(१०) सामाजिक दायित्व :**

अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ ।

**(११) आपसी सम्बन्ध :**

पत्रकार तथा सञ्चारमाध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ ।

## ४. पत्रकार र सञ्चारमाध्यमहरुले गर्न नहुने कार्यहरु

**(१) राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने :**

बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पार्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नु हुँदैन ।

**(२) सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने:**

सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने विकृत र उत्तेजक सामाग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नु हुँदैन ।

### (३) समाचारको गोप्य स्रोत खोल्न नहुने :

समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ ।

तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनु हुँदैन ।

### (४) निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने :

सञ्चारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समाचार सामाग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामाग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नु हुँदैन ।

### (५) भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने :

जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नु हुँदैन ।

### (६) पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने:

पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्वीर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नु हुँदैन ।

### (७) पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने :

यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र



पहिचान खुल्नेगरी समाचार, तस्वीर र दृश्य प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

### (८) हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुने :

विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्वीर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नु हुँदैन ।

### (९) वीभत्स दृश्य र तस्वीर प्रकाशन/प्रसारण गर्न नहुने :

समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र वीभत्स दृश्य एवं तस्वीरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

### (१०) घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने:

कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामाग्री प्रस्तुत गर्नु हुँदैन ।

### (११) तथ्य बंग्याउन नहुने :

कुनै टिप्पणी वा स्पष्टताविना तस्वीर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन- वितरण गर्नु हुँदैन ।

## (१२) विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने :

विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न, विज्ञापनमार्फत समाचारको खण्डन गर्नु हुँदैन । त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नु हुँदैन ।

## (१३) स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने :

कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नु हुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनुपर्दछ ।

## (१४) स्रोतसँग सम्बन्ध :

पत्रकार वा सञ्चारमाध्यमले समाचारस्रोतसँग व्यावसायिक मर्यादा र सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति सञ्चारमाध्यमको दुरूपयोग गर्नु हुँदैन ।◆

**संविधानसभा सम्बन्धमा विस्तृत जानकारी आवश्यक परेमा देहायका सामग्रीहरूको सहायता लिन सकिनेछ :**

- ❑ नेपालको अन्तरिम संविधान, २०६३
- ❑ निर्वाचन आयोग ऐन, २०६३
- ❑ मतदाता नामावली ऐन/नियमावली २०६३
- ❑ संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४
- ❑ संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४
- ❑ निर्वाचन (कसुर र सजाय) ऐन, २०६३
- ❑ www.election.gov.np
- ❑ राजनीतिक दल दर्तासम्बन्धी नियमावली, २०६३